# बालकल्याण अधिकारीहरुको प्रदेश भेलाको समापन एवम अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको समीक्षा कार्यशालाको उद्घाटन समारोह सम्पन्न:

बालकल्याण अधिकारीको प्रदेश भेलाको समापन एवम अपाङगता रोकथाम तथा पुनस्थापना कार्यक्रमको समीक्षा कार्यशाला सामाजिक विकास मन्त्री माननीय पाँचकर्ण राईज्यूको प्रमुख आतिथ्यतामा आज विराटनगरमा सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षता मन्त्रालयका सामाजिक विकास महाशाखा प्रमुख दुर्गा भण्डारी बरालले गर्नुभएको थियो । कार्यक्रममा अतिथिहरु मन्त्रालयका महाशाखा प्रमुखज्यूहरु यादव दुलाल, लक्ष्मी नेउपाने, प्रदेश बालअधिकार समितिका सदस्य बासु अधिकारी, करुणा फाउण्डेशन नेपालका कार्यकारी निर्देशक दिपकराज सापकोटा, राष्ट्रिय अपाङ्ग महासंघ कोशी प्रदेशका अध्यक्ष नविनचन्द्र ढुङ्गेलको उपस्थिति रहेको थियो। यस कार्यक्रममा १३७ स्थानीय तहबाट महिला बालबालिका शाखा प्रमुखहरु सहभागिको रुपमा रहनुभएको थियो। कार्यक्रममा सबै अतिथिज्युहरु बाट कार्यक्रमको सफलता र प्रभावकारी कार्यान्वयनका सम्बन्धमा शुभकामना व्यक्त गरिएको थियो।प्रमुख अतिथि माननीय सामाजिक विकास मन्त्रीज्यूले बालबालिका र अपाङगताको हक अधिकारको पक्षमा स्थानीय तहमा रहेर अहोरात्र खटिनुभएका महिला बालबालिका शाखा प्रमुखहरुलाई धन्यवाद दिदै लक्षित वर्ग बिशेषका कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न हौसला बढाउदै मन्त्रालयले यसमा अभिभावकको भूमिका निर्वाह गर्ने भनाई राख्नु भएको थियो। आगामी आ.व.मा यस क्षेत्रमा बजेटको आकार बृद्धि गरी मानवीय विकासमा जोड दिने कुरा समेत मन्त्रीज्यूबाट व्यक्त भएको थियो।

सामाजिक विकास मन्त्रालयको चालु आ.व. २०८१/८२ को स्वीकृत बार्षिक कार्यक्रम “बालकल्याण अधिकारीको प्रदेश भेला” यहि चैत्र २८ र २९ गते दूई दिनसम्म सञ्चालन गरी आज समापन गरिएको छ। बालबालिका सम्वन्धी ऐन,२०७५ को दफा ६१ र नियमावली को नियम ८१ ले व्यवस्था गरे बमोजिम स्थानीय तहले बाल कल्याण अधिकारी तोक्नु पर्ने प्रावधान अनुरुप प्रदेशका १३७ स्थानीय तहमा बालकल्याण अधिकारीको तोकिनुपर्नेछ। बिशेषत: महिला बालबालिका शाखा प्रमुखहरुलाई बाल अधिकारको सम्मान, संरक्षण र सम्बर्धनका कार्य गर्न बालकल्याण अधिकारीको भूमिका, काम, कर्तव्य र अधिकारका साथै बालबालिकासँग सम्बन्धित घटना व्यवस्थापन र तथ्याङ्क अद्यावधिक एवम प्रत्येक बर्ष स्थिति प्रतिवेदन तयारी सम्मका कार्यहरु सम्बन्धमा सहजीकरण गरिएको थियो । त्यसै गरी सामाजिक विकास मन्त्रालय कोशी प्रदेशका सबै स्थानीय तहहरु तथा साझेदार संस्था करुणा फाउण्डेसन नेपालको त्रिपक्षीय लागत साझेदारी तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, कोशी प्रदेशको प्राविधिक सहयोगमा सञ्चालनमा रहेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको चैत्र २५ गते सम्मको कार्यक्रमको समीक्षा भोली चैत्र ३० मा सम्पन्न हुन गईरहेको छ । स्थानीय तहको महिला बालबालिका शाखा प्रमुख तथा यस कार्यक्रमका फोकल पर्सनहरुको सहभागितामा कार्यक्रम कार्यान्वयनको अवस्था, उपलब्धी, समस्या र मन्त्रालयबाट गर्नुपर्ने पहलका सम्बन्धमा समीक्षा गरी आगामी दिनमा अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न यो कार्यक्रम उपलब्धीपूर्ण रहने छ।


बालकल्याण अधिकारीहरूको प्रदेश भेला
समापन समारोह तथा
'अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम' को समीक्षा बैठक/कार्यशाला
उद्घाटन समारोह
मितिः २०८१ चैत्र २९ गते
स्थानः होटल स्वागतम, विराटनगर
आयोजक
Nepal
नेपाल








CS Scanned with CamScanner